लोकसेवा आयोग

# मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय

नयाँबानेश्वर, काठमाडौं

## सिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०७५/४/१६)

यस निर्देशनालयलाई आ.व. २०७५/०७६ मा आवश्यक पर्ने कार्यालय सामान, मसलन्द सामग्री तथा उत्तरपुस्तिका छपाई खरिद तथा आपूर्ति कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| दरभाउपत्र नं. | खरिद कार्य विवरण | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | सिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान | दरभाउपत्र जमानत वापत राख्नु पर्ने रकम | दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ०१-७५/७६ | कार्यालय सामान तथा मसलन्द सामग्री खरिद तथा आपूर्ति | २०७५/०४/३० गते कार्यालय समयसम्म | २०७५/०४/३१ गते दिनको १२.०० बजेभित्र | २०७५/०४/३१ दिनको २.०० बजे यस निर्देशनालयको कार्यालय भवनमा | ५९,०००।- | १०००।- | |
| ०२-०७५/७६ | उत्तरपुस्तिका पहिलो पाना छपाइ र खरिद | २०७५/०४/३० गते कार्यालय समयसम्म | २०७५/०४/३१ गते दिनको १२.०० बजेभित्र | २०७५/०४/३१ दिनको ३.०० बजे यस निर्देशनालयको कार्यालय भवनमा | ३६,०००।- | १०००।- | |

१. उपरोक्त सिलवन्दी दरभाउपत्रमा सहभागी हुन इच्छुक ,फर्म, उद्योग, कम्पनी, संस्थाले चालु आ.व. २०७५/७६ को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु. १०००।– (पछि फिर्ता नहुने गरी) तिरी यस निर्देशनालयको जिन्सी फाँटबाट सिलवन्दी दरभाउपत्र फाराम खरिद गर्न र सिलवन्दी दरभाउपत्र यस निर्देशनालयको जिन्सी फाँटमा पेश गर्न सकिने छ ।

२. सिलवन्दी दरभाउपत्र पेश गर्दा माथि उल्लिखित रकम बराबरको कम्तीमा ७५ (पचहत्तर) दिन मान्य अवधि भएको दरभाउपत्र जमानत (विडवण्ड) वापत बैंक ग्यारेन्टी वा नगदै धरौटी जम्मा गर्न चाहने दरभाउपत्रदाताले उल्लिखित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै बैंक भौचर सिलवन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

**धरौटी रकम नगद जम्मा गर्ने खाता सम्बन्धी विवरणः**

बैंकको नामः नेपाल राष्ट्र बैंक, थापाथली, काठमाडौं ।
कार्यालयको नामः कोष तथा लेखा नियन्त्रक कार्यालय, समन्वय कार्यालय, ववरमहल, काठमाडौं ।
कार्यालय कोड नं.- २७–२१०–०४
बैंक खाता नं.- १२०१२००००००१००२५२४

३. दरभाउपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

४. दरभाउपत्र फाराम माथि उल्लिखित मिति र समयमा उपस्थित बोलपत्रदाताहरु वा अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा (दरभाउपत्रदाता/प्रतिनिधि उपस्थित नभए पनि) यस निर्देशनालयको कार्यालयमा खोलिनेछ ।

५. दरभाउपत्र फाराममा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

६. रीत नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा निहित हुनेछ ।

८. यस सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

९. दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि यस क्षेत्रीय निर्देशनालयको जिन्सी फाँट वा फोन नं. ०१–४११५८३१ मा सम्पर्क राख्न सकिनेछ ।